हिमालयन रि
HIMALAYAN RE

मिति : २०८२/०३/१८

पत्र संख्या ८५९ (०८१/८२) च.नं. ८५९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाडौं ।

**विषय:** चौथो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८२ साल जेष्ठ २५ गते सम्पन्न यस कम्पनीको चौथो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछौं ।

Himalayan Reinsurance Limited

दीपक कुमार श्रेष्ठ
कम्पनी सचिव

**HIMALAYAN REINSURANCE LIMITED**
1st Floor, Lalita Bhawan, Opposite President's House, Maharajgunj, Kathmandu, Nepal
+977 1 4003132 / 4003133 / 4443432 contactus@himalayanre.com www.himalayanre.com

**विषय : चौथो वार्षिक साधारण सभाको निर्णय ।**

आदरणीय शेयरधनी महानुभावहरु,

२०८२ साल जेठ २५ गतेका दिन नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँमा बसेको यस कम्पनीको चौथो वार्षिक साधारण सभाबाट पारित निर्णयको जानकारीको लागि पठाएको छु ।

आज्ञाले,

Himalayan Reinsurance Limited

कम्पनी सचिव

**हिमालयन रिइन्स्योरेन्स लिमिटेडको**
**२०८२ साल जेठ २५ गते आइतबार सम्पन्न**
**चौथो वार्षिक साधारण सभाको विवरण**

## १. सभाको वैधानिकता

हिमालयन रिइन्स्योरेन्स लिमिटेडको चौथो वार्षिक साधारण सभा कम्पनीका संचालक समितिका अध्यक्ष श्री शेखर गोल्छाज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय र स्थानमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको वैधानिकता, सभाको सभापतित्व, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागिता, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ बमोजिम देहाय अनुसार रहेको छ ।

## २. सभाको मिति, समय र स्थान

मिति : २०८२ साल जेठ २५ गते आइतवार तदनुसार ८ जुन, २०२५ ।
समय : बिहान ११:०० बजे ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

## ३. सभाको सूचना प्रकाशन

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको चौथो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय तथा छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि सभा सम्बन्धी सूचना प्रथम पटक मिति २०८२ साल जेठ ०२ गतेको कारोबार दैनिक र पुन: मिति २०८२ साल जेठ ०८ गते र मिति २०८२ साल जेठ ०९ गतेको आर्थिक अभियान दैनिकमा गरी ३ पटक प्रकाशित गरिएको थियो ।

## ४. सभामा पेश भएको छलफलका प्रस्तावहरुको सूची :

### क. सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ. व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ. व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ. व. २०८१/०८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

४. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्ब ४० करोडको ०.२४ (निकटतम २ अंक) प्रतिशतका दरले हुन आउने रु. २४,६३१,५७८/९५ (अक्षरेपी दुई करोड



Himalayan Reinsurance Limited

छयलीस लाख एकतीस हजार पाँच सय अठहत्तर रुपैया र पैसा पन्चानब्बे मात्र) बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

### ख. विषेश प्रस्ताव

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्ब ४० करोडको ४।५० प्रतिशतका दरले हुन आउने रु. ४६८,०००,०००/०० (अक्षरेपी छयालीस करोड असी लाख रुपैया मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२. कम्पनीबाट आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको खर्च तथा अन्य खर्च रकमको अनुमोदन गर्ने ।

३. प्रवन्धपत्र तथा नियमावलीमा गरिएको थप तथा संशोधन र सो को अभिलेख गराउने सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल वा परिमार्जन वा सुधारको लागि निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

### ग. विविध ।

## ५. उपस्थिति

### ५.१ संचालकहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री शेखर गोल्छा | अध्यक्ष |
| २. | श्री अमित मोर | संचालक |
| ३. | श्री शाहिल अग्रवाल | संचालक (अनुपस्थित) |
| ४. | श्री रोहित गुप्ता | संचालक |
| ५. | श्री राजीव मोर | संचालक |
| ६. | श्री शुभेच्छा खरेल | संचालक |
| ७. | श्री सुभाष कुमार झुनझुनवाला | स्वतन्त्र संचालक |

### ५.२ अन्य पदाधिकारीहरुको उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री उपासना पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री मुकेश कुमार कपूर | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री मनिष कुमार | कार्यकारी निर्देशक |
| ४. | श्री शिशिर गैह्रे | कार्यकारी निर्देशक |
| ५. | श्री सिताराम वाग्ले | प्रमुख वित्त अधिकृत |

### ५.३ कम्पनी सचिव

| | | |
|---|---|---|
| १. | श्री दीपक कुमार श्रेष्ठ | कम्पनी सचिव |

Himalayan Reinsurance Limited

### ५.४ शेयरधनीहरुको उपस्थिति

| | |
|---|---|
| स्वयं उपस्थित संख्या | १,३३६ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत | १७ |
| **जम्मा** | **१,३५३** |

### ६. सभाको गणपुरक संख्या

| विवरण | कूल संख्या | स्वयं उपस्थित संख्या | प्रतिनिधि मार्फत | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ७९२,२६७ | १,३३६ | १७ | १,३५३ | ०.१७ |
| शेयर संख्या | १०४,०००,००० | ४९,५७४,०५१ | ७,२४५,३३२ | ५६,८१९,३८३ | ५४.६३ |

### ७. साधारण सभाको वैधानिकता

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दीपक कुमार श्रेष्ठज्यूले उपस्थित शेयरधनी महानुभावहरु तथा विभिन्न निकायबाट पाल्नु भएका प्रतिनिधिहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुग्न गई कानून अनुसार सभाको वैधानिकता कायम भएको घोषणा गर्नुभयो ।

### ८. साधारण सभाको सभापतित्व र सभा संचालन

कम्पनी ऐनको दफा ६९ बमोजिम सभाको वैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम कम्पनी सचिवज्यूले सञ्चालक समितिका अध्यक्ष श्री शेखर गोल्छाज्यूलाई सभाको अध्यक्षताका लागि आसन ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूको आसन ग्रहण पश्चात अन्य सञ्चालकज्यूहरु तथा प्रमुख कार्यकारी अधिकृतले पनि क्रमश: आसन ग्रहण गर्नुभयो । तत्पश्चात् सभाका अध्यक्षज्यूबाट कम्पनी सचिवलाई सभा संचालन तथा सभाको काम कारवाही अगाडी बढाउनका लागि अनुमति प्रदान गर्नुभयो । सभा संचालनका क्रममा सर्वप्रथम कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उपासना पौडेलज्यूले शेयरधनी महानुभावहरु तथा उपस्थित अन्य सबै आमन्त्रित अतिथि तथा पर्यवेक्षकहरुलाई स्वागत अभिवादन गर्दै साधारण सभा गर्न ढिलाई हुनुको कारण तथा कम्पनीले स्थापनाको छोटो समयमा नै हासिल गर्न सफल भएको प्रगतिका बारेमा सभालाई संक्षिप्त जानकारी गराउनुभयो ।

### ९. कम्पनीको चौथो वार्षिक साधारण सभाका पूर्व निर्धारित प्रस्तावहरुको प्रस्तुती

कम्पनीको चौथो वार्षिक साधारण सभाका लागि पूर्व निर्धारित प्रस्तावहरुको प्रस्तुतिको क्रममा सर्वप्रथम सभाका अध्यक्ष श्री शेखर गोल्छाज्यूले सामान्य प्रस्ताव नं १ मा रहेको आ. व. २०८०/०८१ को सञ्चालक समितिको संक्षिप्त वार्षिक प्रतिवेदन सभा समक्ष वाचन गर्नुभयो र सामान्य प्रस्ताव नं. (२) अन्तर्गतको लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण समेत संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्नुभयो ।

Himalayan Reinsurance Limited

**१०. छलफलको लागि आह्वान :**

१०.१ अध्यक्षद्वारा प्रस्तुत आ. व. २०८०/८१ को संचालक समितिको चौथो वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु प्रस्तुत गरे पश्चात कम्पनी सचिवज्यूले उक्त प्रतिवेदन वा वित्तीय विवरणहरु उपर आफ्ना जिज्ञासा, राय सुझाव तथा प्रतिक्रिया भएमा सभा समक्ष प्रस्तुत गर्न शेयरधनी महानुभाहरुलाई आह्वान गर्नुभयो ।

१०.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री शत्रुघन श्रेष्ठ, श्री जगन्नाथ आचार्य, श्री सुदीप श्रेष्ठ, श्री उत्तम दत्त पाण्डे, श्री उद्धव प्रसाद घिमिरे, श्री भेषराज भण्डारी, श्री ध्रुव राज न्यौपाने, श्री ब्रम्हदेव शाक्य, श्री गुणराज भट्ट, श्री चन्द्र नारायण श्रेष्ठ, श्री वैजुनाथ रौनियार, श्री भक्ती प्रसाद उप्रेती, श्री लवराज जोशी, श्री गोविन्द बहादुर के.सी., श्री इन्द्र प्रसाद लामिछाने, श्री डमरु वल्लभ घिमिरे, श्री रोज कुमार श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री कृष्ण प्रसाद अधिकारी, श्री कुवेर श्रेष्ठ, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री नरसिंह लाल चःखुं र श्री उत्तम पाठकले सभा समक्ष निम्नानुसारको आ-आफ्नो जिज्ञासा, प्रतिक्रिया, मन्तव्य, राय तथा सुझावहरु व्यक्त गुर्नुभयो ।

यसका अतिरिक्त शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री अमिर दास रन्जित, श्री सुरेन्द्र चिमौरिया, श्री गोगन बहादुर पराजुली श्रेत्री तथा श्री राम श्रेष्ठबाट प्राप्त लिखित सुझावहरुलाई समेत बुँदा नं. ११ मा समावेश गरिएको छ ।

**११. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरुः**

- सर्वसाधारणमा शेयर निष्काशन गरेको पहिलो वर्षमा ४ प्रतिशत बोनस शेयर तथा सोमा लाग्ने कर प्रयोजनको लागि ०.२१ प्रतिशत नगद लाभांश र दोश्रो वर्षमा ४.५० प्रतिशत बोनस शेयर तथा सोमा लाग्ने कर प्रयोजनको लागि ०.२४ प्रतिशत नगद लाभांश दिएकोमा धन्यवाद ज्ञापन ।
- बैंकमा लरलता थुप्रिएर ब्याजदर निरन्तर रुपमा घटेको अवस्था तथा अर्थतन्त्र त्यति राम्रो रुपमा चलायमान नभएको अवस्थामा समेत दुई वर्षमा ८.५० प्रतिशत बोनस शेयर वितरण गर्न सक्नुलाई गौरवमय उपलब्धिका रुपमा लिन सकिने धारणा व्यक्त ।
- गत वर्षको साधारण सभामा १:०.८० अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पास भएकोमा सो हकप्रद शेयर निष्काशन प्रकृया कहाँ पुगेको तथा हकप्रद शेयर यथाशिघ्र निष्काशन गर्न सुझाव व्यक्त ।
- आर्थिक वर्ष २०७९/८० देखि नै व्यवसाय विस्तार गर्न यस कम्पनीको टिमले गरेको योगदान प्रति प्रशंसा व्यक्त ।
- कम्पनीको अधिकतम लगानी बैंक तथा वित्तीय संस्थाको मुद्धति निक्षेपमा रहेको र बैंक तथा वित्तीय संस्थाले मुद्धति निक्षेपमा प्रदान गर्ने ब्याजदर निरन्तर घटिरहेको अवस्थामा पूँजी बजारतर्फ समेत लगानी गर्न सुझाव व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएको खर्च ठिक तवरले उपयुक्त ठाउँमा खर्च भए नभएको सम्बन्धमा अनुगमन गर्न सुझाव व्यक्त ।
- कम्पनीको कर्मचारीलाई समय सापेक्ष तालिम तथा प्रशिक्षण प्रदान गर्दै उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्न सुझाव व्यक्त ।
- हिमालयन बैंकको मुख्य लगानीकर्ता मध्ये हबिब बैंकको शेयर यस कम्पनीले खरिद गर्न लागेको समाचार प्रति प्रकाश पार्न अनुरोध व्यक्त ।
- बीमा कम्पनीहरुबाट बीमाशुल्क मात्र संकलन गर्ने नभएर बीमितहरुले बीमा दाबी समयमा पाउने तर्फ समेत कार्य गर्न सुझाव व्यक्त ।

Himalayan Reinsurance Limited

- Taking Nepal to the World कथनलाई मूर्तरुप दिन स्वेदशमा मात्र नभएर तेश्रो मुलुकहरुमा पनि पुनर्बीमा संजाल विस्तार गरोस् र हाल प्राप्त रेटिङ्ग B+ लाई बढाएर A+ कायम गर्न सकोस् भनेर शुभकामना व्यक्त ।
- आगामी वर्षको साधारण सभा पुस मसान्त भित्रै सम्पन्न गर्न सकोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना व्यक्त ।
- आगामी वर्षमा कम्पनीले दुई अंकमा लाभांश वितरण गर्ने आशा व्यक्त ।
- आगामी वर्षको लेखापरीक्षण समयमा सम्पन्न गर्न लेखापरीक्षकलाई सजग गराउन अनुरोध व्यक्त ।
- कम्पनी स्थापना भएको चौथो वर्ष पुरा भइसकेकाले कम्पनीको आफ्नो कर्पोरेट भवन निर्माणको लागि ध्यानाकर्षण व्यक्त ।
- जोखिमाङ्कन विभागलाई थप चुस्त दुरुस्त बनाउन तथा पारिदर्शिता कायम गर्न अनुरोध व्यक्त ।
- पुनर्बीमा व्यवसाय आफैमा जोखिम वहन गर्ने व्यवसाय भएको हुँदा कम्पनीले जोखिमहरुको उचित र सहज व्यवस्थापन तथा जोखिम प्रभावहरुलाई न्यूनिकरण गर्न निश्चित रणनीतिक तथा कार्ययोजनाका साथ अगाडि बढ्दै कम्पनीलाई सदा सर्वदा प्रगतितिर लैजानु हुन्छ भन्ने अपेक्षा व्यक्त ।
- वार्षिक प्रतिवेदन नेपाली भाषमा तयार पार्न अुनरोध व्यक्त ।
- कम्पनीका अधिकांश सुचकाङ्कहरु राम्रो रहेको र यसलाई आगामी वर्षहरुमा समेत निरन्तरता दिन अनुरोध व्यक्त ।
- केही खर्चहरु जस्तै साधारण सभा खर्च, शेयर सम्बन्धी खर्च तथा विविध खर्च शीर्षकहरुमा अस्वभाविक वृद्धि देखिएकाले सोलाई नियन्त्रण गर्न सुझाव व्यक्त ।
- कम्पनीको कूल लगानी मध्ये दिर्घकालीन लगानी ९२ प्रतिशत रहेको र सो अलिकति बढी भएकोले सोलाई घटाउन सकिने सुझाव व्यक्त ।
- कम्पनीको खूद धारण अनुपात ९२ प्रतिशत रहेकोमा खूद धारण बढी हुँदा हुने जोखिम तर्फ ध्यानाकर्षण व्यक्त ।
- आगामी वर्ष समेत बोनस शेयर वितरण गरी लगातार तीन वर्ष लाभांश वितरण गर्ने कम्पनी बन्न सकोस् भनेर शुभकामना व्यक्त ।
- कम्पनीले चाँडो नै अधिकृत पूँजी रु. ५० अर्वलाई चुक्ता पूँजीमा परिणत गरी नेपालकै ठूलो कम्पनी बन्न सफल होस् भन्ने कामना व्यक्त ।
- कम्पनीले गत आर्थिक वर्षमा अन्तर्राष्ट्रिय बीमा बजारबाट रु. २४ करोड बराबरको पुनर्बीमा शुल्क आर्जन गरेको र कम्पनीको सोल्भेन्सी अनुपात ३५२ प्रतिशत रहेकोले आगामी दिनमा कम्पनीले विदेशबाट अझ बढी पुनर्बीमा शुल्क आर्जन गर्न सफल हुनेछ भन्ने आशा व्यक्त ।
- कम्पनीको सहायक कम्पनीहरु श्री हिमालयन क्यापसर्व लिमिटेड तथा श्री हिमायल सेक्यूरिटिज बैंकर लिमिटेडबाट कम्पनीले के-कति प्रतिफल/मुनाफा कमाएको छ सो समेत उल्लेख गरिदिन अनुरोध व्यक्त ।
- वार्षिक प्रतिवेदनमा समीक्षा वर्षमा रु. १६,१२८,१५१/- बराबरको सम्पत्ति खरीद गरेको सन्दर्भमा प्रष्ट पार्न अनुरोध व्यक्त ।
- कम्पनीले Loss of Property को बीमा गरेकोमा Loss of Income को पनि बीमा गर्न सकिन्छ कि सो सम्बन्धमा बीमा कम्पनीहरुसँग छलफल गरी सम्भावना पहिल्यान सुझाव व्यक्त ।
- संस्थागत सुशासन लगायत अन्य खर्चहरुमा मितव्यायीता अपनाउन आग्रह व्यक्त ।

Himalayan Reinsurance Limited

- वक्ता शेयरधनीहरुलाई वार्षिक प्रतिवेदन समयमा उपलब्ध गराउन अनुरोध व्यक्त ।
- दुई ओटा संस्थाबाट कम्पनीको स्तर निर्धारण भइरहेको अवस्थामा दुई ओटा कम्पनीको रेटिङ्ग प्रतिवेदन एक आपसमा बाझिएको खण्डमा के हुन्छ र यसरी दुई ओटा संस्थाबाट स्तर निर्धारण गराउनु पर्ने नपर्ने सो स्पष्ट पार्न अनुरोध व्यक्त ।
- कम्पनीको Mission, Vision र Business Philosophy लाई कार्यान्वयन गर्न के-कस्तो रणनीति तथा लगानी नीति अपनाइएको छ सो बारे प्रकाश पार्न अनुरोध व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत केही रकम निर्धन तथा अशक्तको शिक्षामा खर्च गर्न अनुरोध व्यक्त ।
- ऐनमा भएको व्यवस्था बमोजिम संक्षिप्त वार्षिक प्रतिवेदन छपाउन सुझाव व्यक्त ।
- बीमा कम्पनीहरुबाट उठाउन बाँकी रकम धेरै देखिएकोले सो रकम असुल उपर गर्न तर्फ ध्यान जानुपर्छ भन्ने आग्रह व्यक्त ।
- शिक्षा, पर्यटन तथा जलविद्युत श्रेत्रहरुमा समेत लगानी गरी लगानीलाई विविधिकरण गर्ने तर्फ ध्यान दिन आग्रह व्यक्त ।
- नेपाल बीमा प्राधिकरणबाट औंल्याइएका कैफियतहरु सुधार गर्दै जान सुझाव व्यक्त ।

१२. **शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावका सम्बन्धमा सभाका अध्यक्ष तथा प्रमखु कार्यकारी अधिकृतज्यूबाट संयुक्त रुपमा सभा समक्ष व्यक्त प्रतिउत्तर निम्नानुसार रहेको छ :**

- नेपालको बीमा क्षेत्रमा आर्थिक वर्ष २०८०/८१ देखि Risk Based Capital कार्यान्वयनमा आएको र पुनर्बीमा कम्पनी सम्बन्धी Reporting Format २०८१ साल चैत्र महिनामा मात्र finalize भएकोले साधारण सभा गर्न ढिलाई भएको प्रति कम्पनीको क्षमयाचना रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाले मुद्धति निक्षेपमा प्रदान गर्ने ब्याजको दर निरन्तर घटिरहेको अवस्थामा लगानीको प्रतिफल वृद्धि गर्ने तथा लगानीलाई विविधिकरण गर्ने अभिप्रायका साथ हिमालयन बैंकको मुख्य लगानीकर्ता मध्ये हबिब बैंकको शेयर यस कम्पनीले खरिद गर्न प्रकृया शुरु गरेको छ जुन सम्पन्न हुन बाँकी रहेको छ ।
- गत वर्षको साधारण सभाले पारित गरे बमोजिम १:०.८० अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव स्वीकृतिका लागि नेपाल बीमा प्राधिकरण समक्ष पुनः पेश गरेको र सोको स्वीकृति प्राप्त हुनासाथ हकप्रद शेयर जारी गर्ने प्रकृया अगाडि बढाइने छ। शेयरधनी महानुभावबाट यसै साधारण सभामा पूँजी सम्बन्धी योजना पेश गरेको भए हुने भन्नु भएकोमा नेपाल बीमा प्राधिकरणबाट हकप्रद शेयर जारी गर्न स्वीकृति प्राप्त नभई हकप्रद शेयर सम्बन्धी प्रस्ताव साधारण सभामा पेश गर्न नमिल्ने अनुरोध छ ।
- कम्पनीले यस वर्ष प्रस्ताव गरेको बोनस शेयरको प्रतिशत ४.५० तथा नगद लाभांशको प्रतिशत ०.२४ मात्र भए तापनि कम्पनीको चुक्ता पूँजी ठूलो भएकोले बोनस शेयर वापतको रकम रु. ४६ करोड ८० लाख हुने तथा नगद लाभांश वापतको रकम रु. २४,६३१,५७८/९५ हुन जाने, जुन अरु कम्पनीको तुलनामा अन्यन्त ठूलो रहेको छ । यद्यपी शेयरधनी महानुभावहरुलाई दोहोरो अंकमा प्रतिफल दिन यस कम्पनी प्रतिवद्ध रहेको छ । यसका लागि कम्पनीले स्वदेशमा मात्र नभएर अन्तर्राष्ट्रिय बीमा बजारमा समेत आफ्नो व्यवसाय विस्तार गर्दै अगाडि बढिरहेको छ ।
- कम्पनीको प्रति शेयर आम्दानी १२.६३ भए तापनि बीमा ऐन तथा नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम खूद नाफाको ५६ प्रतिशत रकम विशेष जगेडा तथा अन्य कोषमा राख्नु पर्ने हुन्छ जसले गर्दा कम्पनीले शेयरधनी महानुभावहरुलाई दिने लाभांश खूद नाफाको ४४ प्रतिशतमा मात्र सिमित हुन जान्छ



Himalayan Reinsurance Limited

। यस कारणले गर्दा कम्पनीको प्रति शेयर आम्दानी १२.६३ भए तापनि लाभांश दोहोरो अंकमा बाड्न नसकिएको हो ।

- पुनर्बीमा व्यवसाय विश्वव्यापी भएकोले विदेशमा एउटा कम्पनीले दुई तीन ओटा रेटिङ्ग एजेन्सीहरुबाट आफ्नो स्तर निर्धारण गराउने चलन रहेको छ । सोही अनुरुप AM Best रेटिङ्ग एजेन्सी बाहेक यस कम्पनीले समेत स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै नेपाल स्थित ICRA Nepal रेटिङ्ग एजेन्सीबाट कम्पनीको स्तर निर्धारण गराएको हो । यद्यपी यस वर्ष सोको आवश्यकतालाई पुनर्विचार गरी निरन्तरता दिने वा नदिने सम्बन्धमा निर्णय गरिनेछ ।
- गत वर्ष बीमा कम्पनीहरुबाट जारी लघुबीमाको मात्र पुनर्बीमा भएकोमा समीक्षा वर्षमा लघुबीमा कम्पनीहरुबाट जारी लघुबीमाको पनि पुनर्बीमा भएकोले लघुबीमा पुनर्बीमा शुल्कमा अत्यधिक वृद्धि देखिएको हो ।
- आगामी आर्थिक वर्षदेखि कम्पनीको साधारणसभा पौष मसान्तभित्रमा नै सम्पन्न गर्न हरसम्भव प्रयास गरिनेछ ।

**१३. साधारण सभाको निर्णयहरु**

अध्यक्षज्यूबाट प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखा परीक्षक सहितको वित्तीय विवरणहरुको प्रस्तुती र सो उपर शेयरधनी महानुभावहरुबाट सोधिएका जिज्ञासा तथा व्यक्त राय सुझावका सम्बन्धमा सभाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट जवाफ दिए पश्चात कम्पनी सचिवले उक्त प्रस्तावहरुका साथै अन्य सामान्य तथा विशेष प्रस्तावहरु समेत पारित, अनुमोदन तथा स्वीकृतिका लागि क्रमशः सभामा पेश गर्नुभयो र सभाबाट देहाय बमोजिम पारित, अनुमोदन तथा स्वीकृति गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्ताव तर्फ**

१. संचालक समितिका अध्यक्षज्यूद्वारा सभामा प्रस्तुत भएको आ. व. २०८०/०८१ को संचालक समितिको चौथो वार्षिक प्रतिवेदन उपर छलफल भई सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

२. आ. व. २०८०/०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर सभामा छलफल भई सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ. व. २०८१/०८२ को यस कम्पनीको लेखापरीक्षण गर्ने कार्यको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट लेखापरीक्षण समितिको सिफारिश बमोजिम नै श्री बी.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई यस कम्पनीको आ. व. २०८१/०८२ को वैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण तथा कम्पनी ऐन बमोजिम प्रमाणित गर्नुपर्ने कार्यका लागि समेत मू.अ.कर बाहेक रु. १०,५०,०००/- (अक्षरेपी दश लाख पचास हजार रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने गरी लेखा परीक्षकमा नियुक्त गर्ने निर्णय भयो ।

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्ब ४० करोडको ०.२४ (निकटतम २ अंक) प्रतिशतका दरले हुन आउने रु. २४,६३१,५७८/९५ (अक्षरेपी दुई करोड छयलीस लाख एकतीस हजार पाँच सय अठहत्तर रुपैया र पैसा पन्चानब्बे मात्र) बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय भयो ।

Himalayan Reinsurance Limited

**ख) विशेष प्रस्तावतर्फ**

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्ब ४० करोडको ४.५० प्रतिशतका दरले हुन आउने रु. ४६८,०००,०००/०० (अक्षरेपी छयालीस करोड असी लाख रुपैया मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. कम्पनीबाट आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक उत्तरदायित्व अन्तर्गत मिति २०८० मंसिर महिनामा गएको भुकम्पबाट नेपालको पश्चिम तथा कर्णाली प्रदेशका जिल्लाहरुमा भएको क्षति तथा प्रभावित समुदायका लागि राहत स्वरुप रु. ३,३५०,३३६/- (अक्षरेपी तेत्तीस लाख पचास हजार तीन सय छत्तीस रुपैया मात्र) बराबरको खर्च, बाल स्वास्थ्य तथा वित्तीय साक्षरता कार्यक्रमका लागि रु. २००,०००/- (अक्षरेपी दुई लाख रुपैया मात्र) र सिमान्तकृत समुदायका बालबालिकाको शिक्षाका लागि रु. ५०,०००/- (अक्षरेपी पचास हजार मात्र) बराबरको सामाजिक उत्तरदायित्व कोषबाट गरिएको खर्च अनुमोदन गर्ने प्रस्तावलाई सभाबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय भयो ।

३. प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने र संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी दिने सभाबाट निर्णय भयो ।

**ग) विविध**

१. विविध शीर्षक अन्तर्गत कुनैपनि विषय नरहेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

**१४. धन्यवाद ज्ञापन**

अध्यक्षज्यूले सभामा उपस्थित भई कम्पनीको चौथो वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु तथा कर्मचारीहरु तथा उपस्थित अन्य सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा समापन भएको घोषणा गर्नुभयो ।

दीपक कुमार श्रेष्ठ
कम्पनी सचिव

शेखर गोल्छा
अध्यक्ष

Himalayan Reinsurance Limited

मिति: २०८२/०२/२५